
apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र


जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार पृष्ठ ३

● वर्षः १२ ● अंकः ३१३ ● पृष्ठः ४ ● ११ मंसिर २०८३ शुक्रबार (27 November 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

मधेशका खेतमा धान भित्र्याउने चटारो, किसानलाई भ्याइनभ्याइ



अपन दैनिक संवाददाता
सिरहा, मंसिर १० गते

मधेश प्रदेशका किसानलाई यतिबेला पाकेको धान भित्र्याउने चटारो छ। वर्षभरको मेहनत र पसिनापछि खेतमा लहलहाएको सुनौलो धान काटेर भित्र्याउन किसानहरू व्यस्त देखिएका छन्।

हुलाकी सडकअन्तर्गत सिरहाको बरियारपट्टी गाउँपालिका-नर्गी चोकदेखि पश्चिमतर्फका खेतमा किसानहरू धान कटानीमा जुटेका छन्।

पछिल्लो समय आधुनिक हार्भेस्टर मेसिनको प्रयोग बढेसँगै खेतमै धान काट्ने र भित्र्याउने काम सहज बन्दै गएको छ।

परम्परागत रूपमा श्रमिकको सहायताले धान काट्नुपर्ने अवस्थाको तुलनामा हार्भेस्टरको प्रयोगले कम समयमै धेरै क्षेत्रफलको धान कटानी गर्न सकिने भएको छ।

खेतमा मेसिनको प्रयोगसँगै धान भित्र्याउने कामले तीव्रता पाएको छ। पाकेर पहेँलपुर बनेका धानका बाला, खेतमा गुडिरहेका हार्भेस्टर र बाली भित्र्याउन व्यस्त किसानका दृश्यले मधेश प्रदेशको कृषि जीवनमा छुट्टै रौनक थपेको छ।

वर्षभरिको मेहनतको प्रतिफल भित्र्याउने समयले किसानमा उत्साहसमेत बढाएको छ।

मुसहर बस्तीका समस्या बुझ्न मन्त्री रावल सिरहा आउँदै

भूमिहीन, सुकुम्बासी तथा दलित समुदायसँग प्रत्यक्ष भेटघाट गर्ने

अपन दैनिक संवाददाता
सिरहा, मंसिर १० गते



भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल मंसिर ११ गते शुक्रबार मधेश प्रदेशका तीन जिल्ला भ्रमणमा आउने भएकी छन्।

मन्त्री रावलले भ्रमणका क्रममा धनुषा, सिरहा र सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी, नापी कार्यालय तथा भूमि प्रशासन कार्यालयका प्रमुख एवं पदाधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूसँग छलफल गर्ने कार्यक्रम रहेको छ।

भ्रमणका क्रममा मन्त्री रावल भूमिहीन, सुकुम्बासी तथा दलित समुदायका बस्तीमा पुगेर स्थानीय नागरिकसँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया गर्ने कार्यक्रमसमेत रहेको जनाइएको छ। विशेषगरी मुसहर बस्तीमा पुगेर त्यहाँका नागरिकले भोग्दै आएका जग्गा, आवासलगायतका समस्याबारे जानकारी लिनेछिन्।

अन्तरक्रियाका क्रममा मन्त्रालयबाट हालसम्म भएका काम, समस्या समाधानका लागि अघि बढाइएका प्रयास तथा आगामी योजनाबारे जानकारी गराइनेछ। साथै, स्थानीय नागरिकका गुनासा सुन्ने र तिनको सम्बोधनका उपायबारे छलफल गरिने जनाइएको छ।

मन्त्रीको यस भ्रमणलाई भूमिहीन तथा सुकुम्बासी समुदायका समस्या प्रत्यक्ष रूपमा सरकारसमक्ष राख्ने अवसरका रूपमा हेरिएको छ।

अमरेश सिंहले गरे पत्रकारहरूलाई पक्राउ गर्ने सरकारको कदमको विरोध

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर १० गते



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेशकुमार सिंहले स्वतन्त्र पत्रकारिताबिना लोकतन्त्र सुदृढ हुन नसक्ने बताएका छन्। मेची-महाकाली पदयात्राका क्रममा जनकपुरधाम पुगेका सांसद सिंहले सञ्चारगृहबाटै पत्रकारहरूलाई पक्राउ गर्ने सरकारको कदमको विरोध गर्दै स्वतन्त्र प्रेसको पक्षमा आफ्नो धारणा व्यक्त गरेका हुन्।

नेपाल पत्रकार महासंघ धनुषा शाखामा सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले प्रेस स्वतन्त्रता लोकतन्त्रको महत्त्वपूर्ण आधारस्तम्भ भएको उल्लेख गर्दै पत्रकारितामाथि हुने कुनै पनि प्रकारको हस्तक्षेप स्वीकार्य नहुने बताए।

उनले आफू लोकतन्त्र, मानवअधिकार, कानुनी शासन र स्वतन्त्र

बाँकी पृष्ठ ३ ▸▸

सीमावर्ती क्षेत्रबाट ७ लाख ६५ हजार रूपैयाँका सामान बरामद

अपन दैनिक संवाददाता
सिरहा, मंसिर १० गते




सिरहाका विभिन्न सीमावर्ती क्षेत्रबाट सशस्त्र प्रहरीले मोटरसाइकल, लत्ताकपडालगायत ७ लाख ६५ हजार २ सय रुपैयाँ मूल्यका सामान बरामद गरेको छ। बरामद सामानसँगै एक जनालाई पक्राउ गरी भन्सार कार्यालयमा बुझाइएको छ।

विहीबार बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाले जिल्लाका विभिन्न सीमावर्ती क्षेत्रबाट उक्त सामान बरामद गरेको हो।

बरामद सामानको कुल मूल्य ७ लाख ६५ हजार २ सय रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ। सो क्रममा सिरहा नगरपालिका-१५ बुधौरा निवासी १९ वर्षीय दुर्गेशकुमार यादवलाई समेत पक्राउ गरिएको छ।

बरामद सामान र पक्राउ परेका यादवलाई आवश्यक कारबाहीका लागि सिरहा भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका सशस्त्र प्रहरी नायब उपरीक्षक सियाराम चौधरीले जानकारी दिए।

साइकलयात्रीलाई ठक्कर दिएर फरार गाडी तीन दिनपछि नियन्त्रणमा



अपन दैनिक संवाददाता
सिरहा, मंसिर १० गते

सवारी दुर्घटना गराएर फरार रहेका चालकलाई प्रहरीले स्कर्पियोसहित नियन्त्रणमा लिएको छ।

सिरहाको गोलबजार नगरपालिका -४ निपनिया टोलस्थित पूर्व-पश्चिम राजमार्गमा स्कर्पियोले ठक्कर दिँदा साइकलयात्रीको मृत्यु भएको घटनामा संलग्न चालक पक्राउ परेका हुन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मंसिर ८ गते साँझ ६:५५ बजे नम्बर नखुलेको सिल्भर रङको

बाँकी पृष्ठ ४ ▸▸

रास्वपा नगर सचिवकी आमाको अन्त्येष्टिमा सशस्त्र प्रहरीको सलामी, आलोचनापछि छानविन सुरु

सशस्त्र भन्छ- बहालबाला प्रहरी ठानेर भनुक्कियौं

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर १० गते



बारा क्षेत्र नम्बर-१ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता मनोजप्रसाद चौधरीकी आमाको अन्त्येष्टिमा सशस्त्र प्रहरीले शोक सलामी दिएको घटनाले विवाद उत्पन्न भएको छ। नियम र परम्परा विपरित सलामी दिइएको विषयमा सशस्त्रले छानविन सुरु गरेको छ।

रास्वपाका कोल्हवी नगर सचिव रहेका चौधरी पूर्वसशस्त्र प्रहरीसमेत हुन्। उनकी आमाको अन्त्येष्टिमा सहभागी भएर सशस्त्र प्रहरीको एक टोलीले सलामी दिएको थियो। अन्त्येष्टिमा रास्वपाको टोलीसहित बारा क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्य गणेश धिमालको समेत उपस्थिति रहेको थियो।

सामाजिक सञ्जालमा उक्त घटनाका तस्बिर तथा विवरण सार्वजनिक भएपछि पूर्वसशस्त्र प्रहरी कर्मचारीका परिवारलाई यसरी शोक सलामी दिन मिल्ने कि नमिल्ने भन्ने प्रश्न उठेको हो।

सशस्त्र प्रहरी बल नेपाल नम्बर-१२ गण बाराका एसपी विशाल सिलवालका अनुसार चौधरी सशस्त्र प्रहरीको बहालवाला कर्मचारी रहेको जानकारीका आधारमा सलामीका लागि टोली पठाइएको थियो। तर पछि बुझ्दै जाँदा उनी भूतपूर्व भइसकेको पाइयो।

सङ्गठनमा कार्यरत कर्मचारीका

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

वनको जग्गा तत्काल फिर्ता गराउ

सार्वजनिक सम्पत्ति र प्राकृतिक स्रोतको संरक्षण गर्नु राज्यको सवैधानिक तथा कानुनी दायित्व हो। विशेषगरी वन क्षेत्रको संरक्षण रुखविरुवा जोगाउने विषय मात्र हुँदैन्। वातावरणीय सन्तुलन, जैविक विविधता र भावी पुस्ताको अधिकार सुरक्षित गर्ने जिम्मेवारी पनि राज्यको हो। तर, सिरहाको सावित्रक चन्द्रउदयपुर गाविसमा रहेको करिब तीन बिघा वन बुट्यान पर्ती जग्गाको विषय निकै गम्भीर छ। सो जग्गाको दर्ता र नामसारी प्रकरणले राज्यमाथि गम्भीर प्रश्न पनि उठाएको छ। वनकै रूपमा संरक्षण हुनुपर्ने जग्गा विभिन्न व्यक्तिका नाममा दर्ता हुँदै सिरहा जिल्लाको ठूलो उद्योगको रुपमा रहेको मारुती सिमेन्ट उद्योग प्रालिका सञ्चालकसम्म पुगेको छ। त्यसलाई बदर गर्न वन कार्यालयले गरेको पत्राचार तीन वर्षसम्म कार्यान्वयन नहुनु राज्य संयन्त्रको उदासीनताको गम्भीर उदाहरण हो। डिभिजन वन कार्यालय सिरहाले २०८० कात्तिक १२ गते भूमिसुधार तथा मालपोत कार्यालयलाई पत्राचार गर्दै कित्ता नं. २००, २०२ र २०६ अन्तर्गतको कुल तीन बिघा चार धुर जग्गा वन बुट्यान पर्ती रहेको उल्लेख गरेको छ। उक्त जग्गामा डाँडा, झाडी तथा विभिन्न प्रजातिका रुखहरू रहेको वन कार्यालयको दावी छ। तत्कालीन सुकुम्बासी समस्या समाधान आयोगको निर्णयका आधारमा वन क्षेत्रको जग्गा व्यक्तिका नाममा दर्ता गरिएको र पछि विभिन्न कित्ता विभाजन हुँदै २०७३ र २०७४ सालमा मारुती सिमेन्ट प्रालिका सञ्चालक अनुज राठी र मनोजकुमार गोयलका नाममा बिक्री तथा नामसारी भएको विवरण सार्वजनिक भएको छ।

वन क्षेत्रका रूपमा रहेको सार्वजनिक जग्गा कुन कानुनी आधारमा व्यक्तिका नाममा दर्ता भयो ? वनको जग्गा सुकुम्बासी समस्या समाधानका नाममा वितरण गर्ने निर्णय गर्ने निकायको निर्णय कानुनसम्मत थियो कि थिएन ? यदि वन कार्यालयको अनुसन्धान र स्थलगत प्रतिवेदनले जग्गा वन बुट्यान पर्ती भएको पुष्टि गर्छ भने त्यसको दर्ता प्रक्रिया कसरी अघि बढ्यो ? यी प्रश्नको निष्पक्ष र पारदर्शी छानबिन हुनैपर्छ। वन कार्यालयले सावित्र वन ऐन, २०४९ को दफा १६, वन ऐन, २०७६ को दफा ७ तथा सर्वोच्च अदालतको 'इन्दु निरौला विरुद्ध जिल्ला वन कार्यालय मोरङ' मुद्दामा प्रतिपादित नजिरलाई आधार बनाउँदै दर्ता बदर र लगत कट्टाको माग गरेको छ। तत्कालीन डिभिजन वन अधिकृत सुजीतकुमार झाले हस्ताक्षर गरेको पत्र मालपोत कार्यालयमा २०८० कात्तिक १४ गते दर्ता भएको अभिलेखसमेत छ। यसले वन कार्यालयले आफ्नो जिम्मेवारी अनुसार औपचारिक प्रक्रिया अघि बढाएको देखाउँछ। तर, तीन वर्षसम्म पनि त्यसको परिणाम नआउनु आफैंमा शंकास्पद र चिन्ताजनक विषय हो। सरकारी निकायबीच पत्राचार हुनु मात्रै सुशासन होइन्। पत्राचारपछि कानुनअनुसार निर्णय हुनु, सार्वजनिक सम्पत्तिको संरक्षण हुनु र गैरकानुनी रूपमा भएको दर्ता भए त्यसलाई सच्याउनु नै सुशासन हो। मालपोत कार्यालयले वन कार्यालयको पत्रमाथि किन निर्णय गर्न सकेन् ? कुनै कानुनी जटिलता छ भने त्यसको निराकरण किन भएन् ? कसैको दबाब, प्रभाव वा स्वार्थले प्रक्रिया रोकिएको हो भने त्यसको पनि छानबिन हुनुपर्छ। राज्यको सम्पत्ति संरक्षण गर्ने काममा कुनै व्यक्ति, कम्पनी वा शक्तिशाली व्यावसायिक समूहको प्रभाव स्वीकार्य हुन सक्दैन्।

यो जग्गाको दर्ता बदर गर्ने विषय मात्र पर्याप्त छैन्। वन क्षेत्रको जग्गा व्यक्तिका नाममा पुऱ्याउने निर्णय प्रक्रियामा संलग्न तत्कालीन आयोगका पदाधिकारी, कर्मचारी, जग्गा दर्ता गर्ने निकाय र त्यसपछि नामसारी गर्ने प्रक्रियामा संलग्न जिम्मेवार व्यक्तिहरूको भूमिकासमेत अनुसन्धानको दायरामा आउनुपर्छ। यदि कुनै गैरकानुनी काम भएको प्रमाणित हुन्छ भने दोषीलाई कानुनी कारबाही हुनुपर्छ। जग्गा खरिद गर्ने पक्षको हकमा पनि कानुनी प्रक्रिया र उपलब्ध प्रमाणका आधारमा निष्पक्ष अनुसन्धान आवश्यक छ। सरकारले यस विषयलाई एउटा प्रशासनिक पत्राचारमै टुंग्याउनु हुँदैन्। भूमिसुधार तथा मालपोत कार्यालयले विवादित जग्गाको दर्ता श्रेस्ता, निर्णय प्रक्रिया र स्वामित्व हस्तान्तरणको सम्पूर्ण अभिलेख सार्वजनिक गर्दै कानुनबमोजिम तत्काल निर्णय गर्नुपर्छ। वन तथा वातावरण मन्त्रालय, वन विभाग, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तहले समेत समन्वय गरी जग्गाको वास्तविक अवस्था संरक्षण गर्न आवश्यक कदम चाल्नुपर्छ। अनुसन्धान र कानुनी निर्णय पूरा नहुँदासम्म जग्गाको स्वरूप परिवर्तन, थप कित्ताकाट वा अन्य कारोबार हुन नदिन सम्बन्धित निकायले कानुनसम्मत रोकथामका उपाय अपनाउनुपर्छ। वन क्षेत्र व्यक्तिका नाममा दर्ता हुँदा राज्य मौन बस्यो भने भोलि अन्य वन, पर्ती र सार्वजनिक जग्गामाथि पनि यस्तै अतिक्रमणलाई प्रोत्साहन मिल्नेछ। त्यही कारणले सिरहाको चन्द्रउदयपुरस्थित विवादित जग्गा कुनै व्यक्ति वा कम्पनीको स्वार्थमा नभएर कानुनी प्रक्रिया पूरा गरी तत्काल सरकारको मातहतमा ल्याइनुपर्छ। गैरकानुनी दर्ता बदर गरी जग्गाको वन क्षेत्रसम्बन्धी हैसियत कायम गर्नुपर्छ। सार्वजनिक सम्पत्ति संरक्षणमा राज्यले इच्छाशक्ति देखाउनु पर्छ। वनको जग्गा जोगाउन ढिलाइ गर्नु हुँदैन्। कुनैपनि बहाना र मौनता स्वीकार्य हुन सक्दैन्। सरकारको सम्पत्ति सरकारकै हुनुपर्छ। वनको जग्गा वनकै रूपमा रहनुपर्छ। त्यसैले तत्काल फिर्ता गर्नुपर्छ।

एसइईको हाउगुजी : सिकाइभन्दा ग्रेडको चिन्ता !



✍ **प्रेमनारायण भुसाल**

काठमाडौंका सडकमा विहान ५-६ बजेको झिसमिसेमै पाँच वर्षदेखि १७-१८ वर्षसम्मका बालबालिका विद्यालय बस कुरिरहेका दृश्य आजकल सामान्यजस्तै बनेका छन् । जाडोको सिरेटो र कुहिरो छिचोल्दै निद्रालु आँखाले बसको प्रतीक्षा गरिरहेका बालबालिकासँगै अभिभावक पनि सडकमा उभिएका देखिन्छन्। विद्यालय जाने उमेरका बालबालिकाको विहान यसरी सुरु हुनु र साँझ अध्याँरो भइसकेपछि मात्र घर फर्कनु अहिले सामान्य अभ्यासजस्तै बन्दै गएको छ।

विद्यालयको समय, पाठ्यपुस्तकको बोझ र सार्वजनिक बिदाका विषयमा बेलाबेला बहस तथा सरकारी निर्देशन आउने गरे पनि विहानै विद्यालय बोलाउने र साँझ अबेरसम्म राख्ने प्रवृत्तिमा अपेक्षित सुधार हुन सकेको छैन। विशेषगरी दसैं-तिहारपछि एसइई परीक्षाको तयारीका नाममा बिहानैदेखि अतिरिक्त कक्षा सञ्चालन गर्ने चलन सहरी क्षेत्रका संस्थागत विद्यालयमा व्यापक बन्दै गएको छ । यसले बालबालिकालाई विद्यालयमा बढी समय राख्नु नै गुणस्तरीय शिक्षाको प्रमाण हो भन्ने भ्रमसमेत छर्ने गरेको छ।

एसइईको नतिजा राम्रो बनाउने नाममा विद्यार्थीलाई बिहानदेखि साँझसम्म विद्यालयमै राख्ने अभ्यासलाई कतिपय विद्यालयले 'सेमि-होस्टेल' को स्वरूप दिएका छन् । खाना, खाजा र अतिरिक्त कक्षाका नाममा अभिभावकबाट छुट्टै शुल्कसमेत लिने गरिएको छ। छोराछोरीको भविष्य राम्रो बनाउने अपेक्षामा अभिभावकहरू पनि यस्तो व्यवस्थाप्रति सहमत देखिन्छन् तर यसले निम्न तथा मध्यम आय भएका परिवारमा थप आर्थिक भार सिर्जना गरिरहेको छ। शिक्षा प्राप्त गर्ने अवसरलाई आर्थिक क्षमतासँग जोड्ने यस्तो अभ्यासले समान शैक्षिक अवसरको अवधारणामाथि प्रश्न उठाएको छ।

यसमा विद्यालयको आर्थिक पक्ष र शिक्षकको अतिरिक्त आम्दानीको विषय पनि जोडिएको छ। नियमित कक्षा सञ्चालनबाहेक दसैंदेखि एसइई परीक्षासम्म अतिरिक्त कक्षा चलाउने र त्यसबापत शिक्षकलाई अतिरिक्त पारिश्रमिक दिने प्रचलन कतिपय विद्यालयमा छ। शिक्षकले अतिरिक्त समय दिएबापत पारिश्रमिक पाउनु अन्यथा होइन तर अतिरिक्त आम्दानी र विद्यालयको प्रतिष्ठालाई केन्द्रमा राखेर विद्यार्थीलाई लामो समयसम्म विद्यालयमा राख्ने प्रवृत्ति उचित हुन सक्दैन । शिक्षकको श्रमको सम्मान र विद्यार्थीको मनोसामाजिक स्वास्थ्यबीच सन्तुलन कायम गर्नु विद्यालय व्यवस्थापनको दायित्व हो।

रटाइ र ग्रेडको प्रतिस्पर्धा

आवश्यकतामा आधारित अतिरिक्त कक्षाको मुख्य उद्देश्य विद्यार्थीको सिकाइमा सहयोग पुर्याउनु हुनुपर्ने हो तर व्यवहारमा पुराना प्रश्नपत्र, नमुना प्रश्न र सम्भावित प्रश्नको अभ्यासलाई नै तयारीको प्रमुख माध्यम बनाउने गरिएको छ । विद्यार्थीले विषयवस्तु कति बुझे, त्यसलाई व्यवहारमा कसरी प्रयोग गर्न सक्छन् र नयाँ परिस्थितिमा कस्तो समस्या समाधान गर्न सक्छन् भन्नेभन्दा परीक्षामा कति अङ्क ल्याउँछन् भन्ने कुराले बढी महत्त्व पाएको देखिन्छ । यसरी सिकाइको उद्देश्य ज्ञान र सीप विकासबाट सेरर निश्चित प्रश्नको उत्तर घोक्ने र उच्च ग्रेड प्राप्त गर्ने प्रतिस्पर्धामा सीमित हुँदै गएको छ।

विद्यालयको प्रतिष्ठा र विद्यार्थी आकर्षित गर्ने माध्यमका रूपमा एसइईको नतिजालाई प्रयोग गर्ने प्रवृत्तिले यस समस्यालाई थप जटिल बनाएको छ। कक्षा १२ सम्म विद्यालय तह कायम भइसकेको अवस्थामा कक्षा १० को परीक्षालाई नै विद्यालयको गुणस्तर मापन गर्ने प्रमुख आधार बनाउनु कति उपयुक्त छ ? एसइईको नतिजा महत्त्वपूर्ण भए पनि यसले विद्यालयको समग्र शैक्षिक उपलब्धि र विद्यार्थीको वास्तविक क्षमता पूर्ण रूपमा मापन गर्न सक्दैन। यही नतिजामुखी प्रतिस्पर्धाका कारण कमजोर ठानिएका विद्यार्थीलाई अर्को विद्यालयमा कक्षा ९ मै भर्ना गराउने वा प्राइभेट परीक्षार्थीका रूपमा परीक्षा दिलाउनेजस्ता अभ्याससमेत देखिनु चिन्ताको विषय हो । विद्यार्थीको शैक्षिक प्रगतिको जिम्मेवारी लिनुपर्ने विद्यालयले नतिजा कमजोर आउन सक्ने विद्यार्थीलाई नै आफ्नो संस्थाको प्रतिष्ठाका लागि भार ठान्नु शैक्षिक नैतिकतासँग पटक्कै मेल खाँदैन।

बालबालिकाको सिकाइ क्षमता उमेर, रुचि, शारीरिक अवस्था, मानसिक परिपक्वता र व्यक्तिगत भिन्नताअनुसार फरक हुन्छ । सबै विद्यार्थीलाई एउटै समयतालिका, एउटै अभ्यास र एउटै उपलब्धिको अपेक्षामा बाँध्न सकिँदैन। बिहानैदेखि साँझसम्म विद्यालयमा राखेर लगातार पढाउनु नै प्रभावकारी सिकाइ हो भन्ने मान्यता बालमनोविज्ञान अनुकूल छैन । लामो समयसम्मको मानसिक श्रमपछि बालबालिकालाई पर्याप्त आराम, खेलकुद, मनोरञ्जन, पारिवारिक संवाद र स्वतन्त्र अध्ययनको अवसर पनि आवश्यक हुन्छ।

विशेषगरी किशोरावस्थामा प्रवेश गर्दै गरेका विद्यार्थीका लागि शारीरिक परिवर्तनसँगै भावनात्मक र सामाजिक विकास पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। उनीहरूलाई आफ्नो रुचि पहिचान गर्ने, साथीहरूसँग घुलमिल हुने, सिर्जनात्मक गतिविधिमा सहभागी हुने र आफ्ना भावना व्यक्त गर्ने अवसर चाहिन्छ। एसइईको तयारीका नाममा यी सबै पक्षलाई गौण बनाइँदा विद्यार्थीमा थकान, तनाव, चिडचिडापन र आत्मविश्वासमा कमी आउन सक्छ। अपेक्षित नतिजा प्राप्त नभएमा हीनताबोध र असफलताको अनुभूति अझ गहिरिन सक्छ। यसबाट परीक्षाप्रतिको मात्र होइन, समग्र सिकाइप्रतिको रुचि नै कमजोर हुने जोखिम बढ्दछ।

बिहान ६ बजे विद्यालय पुगेका विद्यार्थी साँझ ६-७ बजे घर फर्किएपछि पनि ट्युसन, गृहकार्य र अभिभावकको अपेक्षाको दबाबमा रहनुपर्ने अवस्था छ । उनीहरूको दिनचर्यामा आफ्ना लागि समय नै नहुने स्थिति सिर्जना भएको छ । बालबालिकाले विद्यालयमा बिताएको समयको मात्रा बढ्दैमा सिकाइको गुणस्तर बढ्छ भन्ने हुँदैन, बरु थकित मस्तिष्कले नयाँ कुरा ग्रहण गर्न र त्यसलाई दीर्घकालसम्म स्मरण गर्न कठिनाइ अनुभव गर्नसक्छ। त्यसैले पढाइको अवधि मात्र होइन, सिकाइको वातावरण, विश्राम र शिक्षण विधिको प्रभावकारितालाई पनि उत्तिकै महत्त्व दिनुपर्छ।

जिपिएभन्दा महत्त्वपूर्ण जीवनोपयोगी सीप

एसइईमा चार जिपिए ल्याउने विद्यार्थी र नियमित तथा सन्तुलित अध्ययन गरेर ३.४५ आसपासको जिपिए प्राप्त गर्ने विद्यार्थीमध्ये माथिल्लो तहमा कसको उपलब्धि राम्रो हुन्छ भन्ने विषयमा पर्याप्त आधिकारिक अध्ययन भएको छैन । पङ्क्तिकारले भेटेका केही विद्यार्थीका अनुभवमा सन्तुलित ढङ्गले अध्ययन गरेका विद्यार्थीले कक्षा ११ र १२ मा पनि राम्रो प्रगति गरेको देखिएको छ । यद्यपि, यसलाई सबै विद्यार्थीमा लागु हुने निष्कर्ष मान्न मिल्दैन। यहाँ प्रश्न उच्च जिपिए प्राप्त गर्नु गलत हो भन्ने होइन, त्यसका लागि अपनाइने विधि र चुकाउनुपर्ने मूल्य कति उचित छ भन्ने हो।

विद्यालय शिक्षाको उद्देश्य विद्यार्थीलाई परीक्षामा सफल बनाउनु मात्र होइन, जीवनका विविध चुनौती सामना गर्न सक्षम बनाउनु पनि हो । विषयवस्तुको ज्ञानसँगै समालोचनात्मक चिन्तन, सञ्चार सीप, सिर्जनात्मकता, सहकार्य, समस्या समाधान र निर्णय क्षमता विकास गर्नु शिक्षाको महत्त्वपूर्ण उद्देश्य हो। यी सीप निरन्तर अभ्यास, अनुभव, अन्तरक्रिया र स्वतन्त्र चिन्तनबाट विकास हुन्छन्। प्रश्नको उत्तर घोकाएर वा सम्भावित प्रश्नको अभ्यास गराएर मात्र यस्ता क्षमता विकास गर्न सकिँदैन । त्यसैले परीक्षाको नतिजालाई विद्यार्थीको सम्पूर्ण क्षमताको पर्याय बनाउनु

बाँकी पृष्ठ ३ ▶▶

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
1.	PLI१३३०००८२३१	सम्झना कुमारी यादव	विष्णपुर ०६ सिराहा

HIMALAYANLIFE सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

आजको राशिफल

मेष : आज तपाईंको आत्मविश्वास बढ्नेछ। नयाँ काम सुरु गर्न राम्रो संकेत छ। साथीभाइबाट सहयोग मिल्नेछ।

बृष : परिवारसँग रमाइलो समय बित्नेछ। पुरानो समस्या समाधान हुने सम्भावना छ। खर्च बढ्न सक्छ, सचेत रहनुहोस्।

मिथुन : आज सृजनात्मक काममा मन लाग्नेछ । नयाँ चिनजान फाइदाजनक हुनेछ। काममा प्रशंसा पाइने योग छ।

कर्कट : मन अलि संवेदनशील बन्न सक्छ। घरपरिवारको साथले हौसला बढ्नेछ। अधुरा काम पुरा हुनेछन्।

सिंह : नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ। कार्यक्षेत्रमा उन्नति सम्भव छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

कन्या : योजना बनाएको काम सफल हुनेछ। पढाइ वा अनुसन्धानमा प्रगति हुनेछ। साथीको सुझाव उपयोगी हुनेछ।

तुला : सम्बन्ध सुधार गर्ने समय हो। व्यापारमा लाभको संकेत छ। नयाँ अवसर हात पार्न सक्नुहुन्छ।

वृश्चिक : आज मेहनतको फल पाउने दिन हो। गोप्य योजना सफल हुन सक्छ। आर्थिक लाभ हुने योग छ।

धनु : यात्रा वा भेटघाटको सम्भावना छ। अध्ययनमा रुचि बढ्नेछ। काममा ढिलाइ हुन सक्छ।

मकर : जिम्मेवारी बढ्न सक्छ। करियरमा नयाँ दिशा मिल्नेछ। खर्च व्यवस्थापन गर्नुपर्छ। प्रेम जीवन सन्तुलित रहनेछ।

कुम्भ : नयाँ विचारले प्रशंसा पाउनुहुनेछ। सामाजिक काममा सक्रियता बढ्नेछ। आर्थिक अवस्था सुधारतर्फ उन्मुख हुनेछ।

मीन : आध्यात्मिक सोच बढ्नेछ। रचनात्मक काममा प्रगति हुनेछ। पुराना मित्रसँग भेट हुन सक्छ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

देउवा समूहमा सभापतिको रस्साकस्सी, निधिले समर्थन माग्दा शशांक मौन

अपन दैनिक संवाददाता
काठमाडौं, मंसिर १० गते



नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले यही मंसिर २१ देखि २३ गतेसम्म काठमाडौंको खुलामञ्चमा आयोजना गर्न लागेको समानान्तर १५औं नियमित महाधिवेशन नजिकिँदै जाँदा नेतृत्व चयनको विषय पेचिलो बन्दै गएको छ।

पूर्वसभापति देउवाले सर्वसम्मत रूपमा नेतृत्व चयन गर्ने चाहना राख्दै महाधिवेशन तयारी समितिका संयोजक डा. शशांक कोइरालालाई अघि सार्ने संकेत गरे पनि पूर्वउपसभापति विमलेन्द्र निधिले सभापतिमा दावेदारी प्रस्तुत गरेपछि प्रतिस्पर्धाको सम्भावना देखिएको छ।

निधिले बुधबार काठमाडौंको चुनदेवीस्थित सम्पर्क कार्यालयमा महाधिवेशन तयारी समितिको बैठकअघि कोइरालालाई भेटेर सभापतिमा आफूलाई सहयोग गर्न आग्रह गरेका थिए।

स्रोतका अनुसार १४औं महाधिवेशनमा देउवासँग प्रतिस्पर्धा गरी दोस्रो चरणमा सघाएको, विगतमा कोइरालालाई महामन्त्री र अहिले महाधिवेशन तयारी समिति संयोजक बनाउन सहयोग गरेकाले यसपटक सभापतिमा आफ्नो उम्मेदवारी स्वाभाविक हुने धारणा निधिले राखेका थिए।

निधिले समर्थन माग्दा कोइरालाले भने कुनै प्रतिक्रिया जनाएको छैनन्। निधिले सार्वजनिक रूपमा भने उम्मेदवारीबारे खुल्न चाहेनन्।

देउवा पक्षले गत साउनको राष्ट्रिय सम्मेलनबाट पूर्वमहामन्त्री कोइरालालाई १५औं नियमित महाधिवेशन तयारी समितिको संयोजक बनाएपछि उनैलाई भावी सभापतिका रूपमा हेरिएको थियो।

कोइरालानिकट नेताहरूका अनुसार सर्वोच्च अदालतबाट आधिकारिकता नपाएको अवस्थामा समेत कांग्रेस र कोइराला परिवारप्रतिको भावनात्मक सम्बन्ध जोगाइराख्न देउवाले शशांकलाई नै राजनीतिक उत्तराधिकारीका रूपमा अघि सार्न खोजेका हुन्।

विहीबार बिहान महाराजगन्जस्थित देउवा निवासमा भेटिएका नेताहरूका अनुसार देउवाले सर्वसम्मत नेतृत्व चयनको चाहना राखे पनि सहमति नभए लोकतान्त्रिक प्रक्रियाअनुसार निर्वाचन हुने बताएका छन्। प्रदेश अधिवेशन सम्पन्न भएपछि देउवाकै उपस्थितिमा औपचारिक छलफल गरी नेतृत्व टुंग्याउने तयारी रहेको देउवानिकट नेताहरूको भनाइ छ।

राजनीतिक विरासत बोकेका बीपीपुत्र कोइराला र महेन्द्रनारायणपुत्र निधिसँगै पूर्वमहामन्त्री प्रकाशमान सिंहबीच १३औं महाधिवेशनदेखि नै एक जना सभापतिको उम्मेदवार बन्ने विषयमा लन्च मिटिङ सहित पटक-पटक संवाद हुँदै आएको थियो।

तर, २०७८ मंसिर २४-२८ मा सम्पन्न १४औं महाधिवेशनमा निधि र सिंह दुवै प्रतिस्पर्धामा उत्रिँदा कोइरालाले देउवालाई सघाएका थिए।

उक्त महाधिवेशनको पहिलो चरणमा चार हजार ७४३ प्रतिनिधिमध्ये चार हजार ६७९ जनाले मतदान गर्दा देउवाले दुई हजार २५८, डा. शेखर कोइरालाले एक हजार ७०२, सिंहले ३७१, निधिले २५० र कल्याण गुरुङले २२ मत पाएका थिए। दोस्रो चरणमा सिंह, निधि र गुरुङले देउवालाई समर्थन गरेका थिए।

यसपटक सिंहले उम्मेदवारीबारे औपचारिक धारणा सार्वजनिक नगरे पनि कोइरालालाई सभापति स्वीकार गर्न सकारात्मक रहेको उनीनिकट नेताहरूको दावी छ।

यता १३औं महाधिवेशनमा सभापतिका प्रत्याशी रहेका पूर्वगृहमन्त्री कृष्णप्रसाद सिटौलाले आफू कुनै पनि पदमा उम्मेदवारी नदिने स्पष्ट पारेका छन्। 'मैले कुनै पनि पदमा उम्मेदवारी दिन्नँ। अब नयाँ पुस्ताका लागि हामीले बाटो छोडिदिनुपर्छ,' सिटौलाले भने। देउवा समूहमा सिटौला, निधि र सिंहलाई वरिष्ठ नेता बनाएर व्यवस्थापन गर्ने चर्चासमेत छ।

दोस्रो पुस्ताका नेताहरू डा. प्रकाशशरण महत र एनपी साउदको नाम पनि सभापतिका लागि चर्चामा छ। महतले आफू सहमतिकै पक्षमा रहेको तर सहमति नभए सभापतिमा उम्मेदवारी दिन तयार रहेको बताएका छन्।

बाँकी पृष्ठ ४ ▶▶

कोशी प्रदेश प्रमुखको जिम्मेवारी मधेश प्रदेश प्रमुखलाई

अपन दैनिक संवाददाता
सिरहा, मंसिर १० गते

राष्ट्रपति रामचन्द्र पौडेलले कोशी प्रदेश प्रमुखको कार्यभार मधेश प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णलाई तोकेका छन्। कोशी प्रदेश प्रमुखको पद रिक्त रहेकाले नयाँ नियुक्ति नभएसम्मका लागि कर्णलाई उक्त प्रदेशको समेत कार्यभार सम्हाल्ने जिम्मेवारी दिइएको हो।

नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १६५ को उपधारा (२) बमोजिम राष्ट्रपति पौडेलले मधेस प्रदेश प्रमुख कर्णलाई कोशी प्रदेश प्रमुखको कार्यभार तोकेको राष्ट्रपतिको कार्यालयले जनाएको छ।



राष्ट्रपतिको कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले विहीबार जारी गरेको विज्ञप्तिमा कोशी प्रदेश

बाँकी पृष्ठ ४ ▶▶



अमरेश सिंहले गरे पत्रकारहरूलाई पक्राउ गर्ने .....

पत्रकारिताको पक्षमा प्रतिबद्ध रहेको स्पष्ट पारे। स्वतन्त्र प्रेसबिना लोकतन्त्र बलियो र प्रभावकारी हुन नसक्ने उनको भनाइ थियो।

यसैगरी, सांसद सिंहले आफ्नो मेची-महाकाली पदयात्रा देशमा कुनै पनि प्रकारको द्वन्द्व नहोस् भन्ने उद्देश्यले अघि बढाइएको बताए।

उनले किसानले धानको उचित मूल्य पाउन नसकेको तथा तरकारी उत्पादक किसानले समेत उत्पादनको उचित मूल्य नपाएको विषयलाई पनि पदयात्राका क्रममा उठाउँदै आएको जानकारी दिए।

एसइईको हाउगुजी : सिकाइभन्दा ग्रेडको .....

शैक्षिक दृष्टिले उपयुक्त हुँदैन।

विद्यार्थीलाई परीक्षाअघि विषयवस्तुको पुनरावृत्ति, अभ्यास, परामर्श र आवश्यक सहयोग उपलब्ध गराउनुपर्छ। सन्तुलित आहार, पर्याप्त निद्रा, शारीरिक व्यायाम र मानसिक विश्रामको व्यवस्था पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ तर तयारीको अर्थ बालबालिकालाई बिहानदेखि रातिसम्म कक्षाकोठामा थुन्नु होइन। उनीहरूको व्यक्तिगत आवश्यकता र क्षमतालाई ध्यानमा राखेर सीमित, उद्देश्यपूर्ण र प्रभावकारी अतिरिक्त कक्षा सञ्चालन गर्न सकिन्छ।

एसइईलाई हाउगुजी नबनाइकनै नियमित पठनपाठन र शिक्षाको गुणस्तर सुधार गर्न सकिन्छ। यसका लागि विद्यार्थीमैत्री वातावरण बनाई गुणात्मक शिक्षालाई शिक्षण सिकाइ क्रियाकलापको उद्देश्य बनाउनुपर्छ। यस विषयमा विद्यालय व्यवस्थापन, शिक्षक र अभिभावक सबै जिम्मेवार छन्। विद्यालयले आफ्नो प्रतिष्ठालाई विद्यार्थीको जिपिएसँग मात्र जोड्नु हुँदैन। शिक्षकले घोकाइभन्दा बुझाइ र प्रयोगमा आधारित शिक्षणलाई प्राथमिकता दिनुपर्छ। अभिभावकले पनि छोराछोरीको क्षमताभन्दा बढी अपेक्षा राखेर उनीहरूलाई अनावश्यक दबाब दिनु हुँदैन। अरूका छोराछोरीले प्राप्त गरेको ग्रेडसँग आफ्ना बालबालिकाको तुलना गर्नुको सट्टा उनीहरूको व्यक्तिगत प्रगति, रुचि र सम्भावनालाई बुझ्नुपर्छ।

स्थानीय तहले विद्यालयको समयतालिका, अतिरिक्त कक्षा सञ्चालन, विद्यार्थीको स्वास्थ्य र विद्यालयमा बिताउने समयका सम्बन्धमा स्पष्ट मापदण्ड बनाई नियमित अनुगमन गर्न आवश्यक छ। शिक्षा विकास तथा समन्वय एकाइ र सम्बन्धित नियामक निकायले पनि परीक्षाको नतिजालाई मात्र आधार बनाएर विद्यालयको गुणस्तर निर्धारण गर्ने प्रवृत्तिबाट माथि उठ्नुपर्छ । विद्यालयको मूल्याङ्कन गर्दा विद्यार्थीको सिकाइ उपलब्धि, व्यवहार, सिर्जनशीलता, जीवनोपयोगी सीप र मनोसामाजिक स्वास्थ्यलाई समेत समेट्नुपर्छ।

विद्यालय बालबालिकाले ज्ञान आर्जन गर्ने, जिज्ञासा व्यक्त गर्ने, गल्तीबाट सिक्ने र आफ्नो व्यक्तित्व विकास गर्ने थलो हो। त्यहाँ उनीहरूले सुरक्षित, सम्मानित र उत्साहित महसुस गर्न पाउनुपर्छ । एसइई विविध कक्षाका परीक्षामध्ये एक परीक्षा अवश्य हो तर जीवनकै अन्तिम परीक्षा होइन । एउटा परीक्षाको नतिजाका लागि बाल्यावस्था र किशोरावस्थाका अमूल्य समय, स्वास्थ्य, सिर्जनशीलता र मानसिक शान्ति गुमाउनु उचित हुँदैन । शिक्षाको सफलता विद्यार्थी विद्यालयमा कति घण्टा बस्यो वा उसले कति जिपिए ल्यायो भन्ने कुराले मात्र निर्धारण गर्दैन; उसले कति बुझ्यो, कस्ता सिप सिक्यो र जीवनप्रति कस्तो दृष्टिकोण निर्माण गर्यो भन्ने कुराले निर्धारण गर्छ।

विद्यालयलाई सिकाइको आनन्दमय केन्द्र बनाउनुपर्छ ग्रेडको प्रतिस्पर्धामा बालबालिकालाई थकित पार्ने स्थल बनाउनुहुँदैन । शिक्षाका नाममा यातना होइन, सिकाइका लागि प्रेरणा र अवसर सिर्जना गर्नु नै विद्यालयको वास्तविक दायित्व हो। यस गम्भीर विषयमा सम्बद्ध पक्षले बेलैमा ध्यान दिनु आवश्यक छ।





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

महिलामाथि डिजिटल हिंसा गर्नेमाथि प्रहरीले सुरु गऱ्यो अपरेसन, २४ घन्टामा नौजना पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, मंसिर १० गते



महिला तथा बालबालिकामाथि डिजिटल हिंसा गर्नेमाथि प्रहरीले विशेष अपरेसन थालेको छ। 'अपरेसन डिजिटल स्वाभिमान' नाम दिइएको यस कारवाहीमा २४ घन्टामै नौजना पक्राउ परेका छन्।

प्रहरी महानिरीक्षकको सचिवालयको विशेष सक्रियतामा प्रहरीको साइबर ब्युरो तथा विभिन्न कार्यालयहरूले संयुक्त रूपमा यो अपरेसन चलाएका हुन्।

महिला तथा बालबालिकालाई अनलाइन दुर्व्यवहार गर्ने, अपमानजनक टिप्पणी गर्ने, धम्की दिने, चरित्रहत्या गर्ने, व्यक्तिगत फोटो तथा भिडियो सार्वजनिक गर्ने तथा सामाजिक सञ्जालमा नक्कली खाता बनाई भ्रम फैलाउनेमाथि कारवाही थालिएको साइबर ब्युरोका एसपी दीपकराज अवस्थीले बताए।

अपरेसनअन्तर्गत बुधबार ६ जना तथा बिहीबार तीनजना पक्राउ परेका हुन् । टोखाबाट आशिष तामाङ, ललिततपुरबाट रोहितबिक्रम राणा, न्युरोडबाट फेसल एजाज, सिनामंगलबाट विमल दर्जी खत्री, उदयपुरबाट सुवास कार्की पक्राउ परेका हुन्।

त्यस्तै, बानेश्वरबाट चिरञ्जीवी सापकोटा र कास्कीबाट दुई नाबालक पनि पक्राउ परेका छन्।

डिजिटल हिंसासम्बन्धी अपराध न्यूनीकरणका लागि यो अपरेसन चलाइएको प्रहरीले जनाएको छ।

कोशी प्रदेश प्रमुखको जिम्मेवारी मधेश प्रदेश .....

प्रमुखको कार्यभार मधेश प्रदेश प्रमुखलाई तोकिएको उल्लेख छ।

परशुराम खापुड्ले ५ वर्षे कार्यकाल पूरा गरी पदबाट गत २३ कार्तिकमा बिदा भएपछि कोशी प्रदेश प्रमुखको पद रिक्त थियो। उनको कार्यकाल सकिएपछि नयाँ प्रदेश प्रमुख नियुक्त नहुँदा कोशी प्रदेश २ सातादेखि प्रदेश प्रमुखविहीन रहेको थियो।

प्रदेश प्रमुखको पद रिक्त हुँदा वा प्रदेश प्रमुख आफ्नो कार्यभार सम्हाल्न असमर्थ हुँदा अर्को प्रदेशका प्रदेश प्रमुखलाई अतिरिक्त कार्यभार दिने अभ्यास यसअघि पनि हुँदै आएको छ। खापुड विदेश भ्रमणमा रहँदा उनको अनुपस्थितिमा अर्को प्रदेशका प्रमुखलाई कोशीको समेत जिम्मेवारी दिइएको थियो। साउन २०८२ मा खापुड मलेसिया भ्रमणमा जाँदा तत्कालीन मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई कोशी प्रदेश प्रमुखको कार्यभार दिइएको थियो।

यसअघि प्रदेश प्रमुखको अनुपस्थिति वा पद रिक्त हुँदा अर्को प्रदेशका प्रदेश प्रमुखलाई अतिरिक्त जिम्मेवारी दिने अभ्यासअनुसार पछिल्लो निर्णय पनि गरिएको हो। संविधानको धारा १६५ को उपधारा (२) ले प्रदेश प्रमुखको पद रिक्त हुँदा वा प्रदेश प्रमुखले आफ्नो कार्यभार सम्हाल्न नसक्ने अवस्था आएमा राष्ट्रपतिले अर्को प्रदेशका प्रदेश प्रमुखलाई जिम्मेवारी तोक्न सक्ने व्यवस्था गरेको छ।

साइकलयात्रीलाई ठक्कर दिएर फरार गाडी .....

स्कर्पियोले गोलबजारबाट निपनिया चोकतर्फ जाँदै गरेका स्थानीय हरिया महराका ५० वर्षीय छोरा बसन्त महरालाई ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका महराको गोलबजार हेल्थकेयर सिरहामा उपचारका क्रममा मृत्यु भएको थियो।

अनुसन्धानका क्रममा दुर्घटनामा संलग्न बा.प्र.०१-०२५ च ७३९६ नम्बरको स्कर्पियो र चालक सिरहाको मिचैया नगरपालिका-४ बाह्रबिघाका ४२ वर्षीय बिहारी महराको पहिचान खुलेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मङ्सिर १० गते बिहान १०:५० बजे धनगढीमाई नगरपालिका-९ जिरोमाइलस्थित घरमा स्कर्पियो लुकाइछिपाइ राखेको अवस्थामा इलाका प्रहरी कार्यालय गोलबजार र इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको संयुक्त प्रहरी टोलीले चालकलाई सवारीसाधनसहित नियन्त्रणमा लिएको हो।

पक्राउ परेका चालकलाई इलाका प्रहरी कार्यालय गोलबजारमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

रास्वपा नगर सचिवकी आमाको अन्त्येष्टिमा सशस्त्र .....

आफन्तको निधन हुँदा शोक सलामी दिने चलन रहे पनि भूतपूर्व कर्मचारीका आफन्तलाई भने यसरी सलामी दिन नमिल्ने उनले बताए। यस घटनामा त्रुटि भएको स्वीकार गर्दै कसको आदेशमा टोली गएको हो भन्नेबारे छानबिन भइरहेको जानकारी दिए।

चौधरीकी आमाको नाम सरली थरुनीको अन्त्येष्टिमा सशस्त्र प्रहरीका ११ जना कर्मचारी सलामी दिन गएको एसपी सिलवालले बताए।

विवादपछि चौधरीले आफू अहिले सरकारको कुनै पनि सार्वजनिक पदमा नरहेको र पूर्वसशस्त्र प्रहरी कर्मचारी रहेको बताएका छन्।

आफू पूर्वसशस्त्र प्रहरी भएकाले बुवाआमाको निधन हुँदा आफूले काम गरेको सङ्गठनले दिने आदर्श सम्मानस्वरूप शोक सलामी दिएको उनको दाबी छ।

सामाजिक सञ्जालमा उनले लेखेका छन्, 'म सरकारको कुनै पनि सार्वजनिक पदमा छैन। पहिला म पूर्वसशस्त्र प्रहरी हुँ। हाम्रा पुजनीय बुवाआमाको देहान्त भएपछि मैले काम गरेको संगठनले दिने आदर्श सम्मान शोक सलामी हो। यस्तो दुःखको घडीमा टीकाटिप्पणी नगरिदिनुहोला।'

उनले देशमा सङ्कट वा आपत्कालीन अवस्था आए सरकारले पूर्वसशस्त्र प्रहरी कर्मचारीलाई समेत सेवामा फर्काउन सक्ने भन्दै आफूले संगठनबाट पाउने सम्मान लिएको तर्क गरेका छन्। तर रास्वपाको प्रभाव प्रयोग गरी शोक सलामी लिइएको भन्दै सामाजिक सञ्जालमा आलोचना भइरहेको छ।

सशस्त्र प्रहरी बल मधेश प्रदेशका डीआईजी विष्णु भट्टराईले पूर्वसशस्त्र प्रहरी कर्मचारीका आफन्तलाई यसरी शोक सलामी दिन नमिल्ने बताएका छन्। उनका अनुसार सशस्त्र प्रहरी बल नम्बर-१ गण बाराको कोल्हवीस्थित युनिटबाट टोली गएको थियो। घटनामा त्रुटि भएको बताउँदै उनले यस विषयमा छानबिन भइरहेको जानकारी दिए।

विज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,
- सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

संवादपछि सरकार विस्तार हुन्छः मुख्यमन्त्री यादव

अपन दैनिक संवाददाता
सिरहा, मंसिर १० गते



मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले विभिन्न राजनीतिक दलका शीर्ष नेतासँगको संवादपश्चात् सरकार विस्तार गर्ने बताएका छन्।

मुख्यमन्त्री यादवले विहीबार कुराकानी गर्दै काठमाडौंमा गएर विभिन्न राजनीतिक दलका केन्द्रीय अध्यक्षसहितका शीर्ष तहका नेतासँग संवाद गरेपछि सरकार विस्तार गर्ने योजना बनाएको बताए।

"केही दिनभित्रै काठमाडौं जान्छु", मुख्यमन्त्री यादवले भने, "काठमाडौंमा कांग्रेस, एमाले र नेकपालगायतका दलका शीर्ष नेतालाई भेटेर छलफल गर्छु अनि सरकार विस्तार गर्छु।"

मधेश प्रदेशमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दललाई सहभागी गराई सर्वदलीय सरकार बनाउने आफ्नो चाहना रहेको मुख्यमन्त्री यादवले बताए। यही मंसिर ५ गते मधेश प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले प्रदेशसभाको सबैभन्दा ठूलो जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेताको हैसियतमा यादवलाई मुख्यमन्त्री नियुक्त गरेका थिए।

देउवा समूहमा सभापतिको रस्साकस्सी, निधिले समर्थन .....

यता साउदले पदको बाँडफाँटभन्दा समझदारीमा जोड दिइएको उल्लेख गर्दै भने, 'सकभर १५औं महाधिवेशन सर्वसम्मतिले नै सम्पन्न होस् भन्ने गृहकार्य भइरहेको छ। सहमति भएन भने निर्वाचन हुन्छ । सहमतिको अवस्थामा जुनसुकै जिम्मेवारी स्वीकार गर्न तयार छु।'

१४औं महाधिवेशनमा देउवाका प्रतिद्वन्द्वी रहेका शेखर कोइराला र पूर्वउपसभापति पूर्णबहादुर खड्का भने यो महाधिवेशन प्रक्रियामा सहभागी छैनन् । यद्यपि, शेखरनिकट केही नेताहरू महाधिवेशनमा जोडिएका छन्।

सभापतिमा कोइरालाको नाममा सहमति जुटाउने प्रयास भइरहँदा उपसभापति र महामन्त्री पदमा आकांक्षीको व्यवस्थापन देउवाका लागि चुनौतीपूर्ण देखिएको छ। अहिले १४औं महाधिवेशनकै पदाधिकारी संख्या कायम राख्ने र महाधिवेशनपछि विधान संशोधनमार्फत मनोनयन गरी पदाधिकारी तथा कार्यसमितिको आकार विस्तार गर्ने तयारी देउवा पक्षको छ।

सहमतिमा नेतृत्व चयन भए नेता बालकृष्ण खाँणलाई वरिष्ठ उपसभापतिको जिम्मेवारी दिने चर्चा चले पनि औपचारिक सहमति भएको छैन। देउवाले महत र साउदलाई उपसभापतिमा व्यवस्थापन गर्ने योजना बनाएको नेताहरू बताउँछन्।

यसैगरी, सुदूरपश्चिम प्रदेशका सभापति वीरबहादुर बलायरले उपसभापतिमा उम्मेदवारी घोषणा गरिसकेका छन्। पूर्वसहमहामन्त्री उमाकान्त चौधरी, मोहनबहादुर बस्नेत र मदनकृष्ण अमात्य पनि उपसभापतिका आकांक्षी देखिएका छन्।

सबैभन्दा कडा प्रतिस्पर्धा दुई महामन्त्री पदमा देखिएको छ । सभापतिपछिको शक्तिशाली कार्यकारी पद मानिने महामन्त्रीका लागि पूर्वगृहमन्त्री रमेश लेखक, नेपाल तरुण दलका पूर्वअध्यक्ष जितजंग बस्नेत, नेविसंघका पूर्वमहामन्त्री कुन्दन काफ्ले, तरुण दलका पूर्वमहामन्त्री भूपेन्द्रजंग शाही, गुरु बराल र किरण पौडेललगायत आधा दर्जनभन्दा बढी नेता दौडमा छन्।

काफ्लेले सामाजिक सञ्जालमा कुन्दन फर महामन्त्री अभियान नै चलाएका छन् भने शाही र बस्नेत पनि खुलस्त तयारीमा जुटेका छन्।

जेन-जी आन्दोलनका बेला गृहमन्त्री रहेका लेखकको तत्कालीन महामन्त्री गगन थापासँग राम्रो सम्बन्ध रहे पनि हाल उनी देउवा समूहबाट महामन्त्रीको तयारीमा छन्। यस्तै, आठ सहमहामन्त्रीमा अधिकांश युवा पुस्तालाई ल्याउने तयारी भइरहेको देउवा समूहका नेताहरूको भनाइ छ।

देउवा पक्षले हालसम्म ६० भन्दा बढी जिल्ला, १३९ क्षेत्रीय र दुई प्रदेशको अधिवेशन सहमतिमै सम्पन्न गरिसकेको जनाएको छ। '१५औं नियमित महाधिवेशन तयारी समिति' अन्तर्गतको सचिवालय समन्वय समितिका संयोजक दीपक कुइँकेलका अनुसार महाधिवेशन व्यवस्थापनका लागि १० वटा समिति गठन गरिएको छ।

कुइँकेलका अनुसार महाधिवेशनमा आठ हजारभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन् । जसमा हरेक निर्वाचन क्षेत्रबाट ३८ जना, ७५३ पालिकाबाट प्रतिनिधि, ३०० मनोनीत, भ्रातृ संस्थाबाट २००, जनसम्पर्क समितिबाट २०० तथा निर्वाचित जनप्रतिनिधिहरू रहनेछन्।

देउवा समूहको केन्द्रीय निर्वाचन समितिका संयोजक एगराज पोखरेलले जिल्ला निर्वाचन अधिकृतहरूलाई पत्राचार गर्दै पार्टीका तर्फबाट निर्वाचित पालिका प्रमुख तथा उपप्रमुख, प्रदेश सांसद, प्रतिनिधिसभा सदस्य र राष्ट्रियसभा सदस्यहरू स्वत: आ-आफ्नो निर्वाचन क्षेत्रबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि हुने जानकारी गराइसकेका छन्।

महाधिवेशन प्रतिनिधि शुल्क तीन हजार रुपैयाँ तोकिएको छ भने केन्द्रीय नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने निर्णय भएको कुइँकेलले बताए।

अर्कोतर्फ, कांग्रेस सभापति गगन थापाले समानान्तर गतिविधिमा संलग्न पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई कारवाही गर्ने चेतावनी दिएका छन्। देउवा पक्षमा रहेका जनप्रतिनिधिहरूले भने कारवाही गरेर देखाउन थापालाई चुनौती दिएका छन्।

सर्वोच्च अदालतमा कांग्रेसको आधिकारिकता विवाद विचाराधीन रहँदा पार्टीमा दुईवटा महाधिवेशनको अवस्था बनेको छ। गत पुसमा भएको विशेष महाधिवेशनबाट नेतृत्वमा पुगेका गगन थापाले जिल्ला र प्रदेश अधिवेशन बाँकी राखेर गत असोज १८-२३ मा १५औं महाधिवेशन सम्पन्न गरिसकेका छन्। थापा समूहले जिल्ला र प्रदेश अधिवेशन पुस पहिलो साता गर्ने तयारी गरेको छ।

असोजको महाधिवेशनबाट निर्वाचित २३१ सदस्यीय कार्यसमितिको विवरण महामन्त्री प्रदीप पौडेल नेतृत्वको टोलीले कार्तिक १६ गते प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्की र सचिव कृष्णप्रसाद काप्रीलाई बुझाए पनि निर्वाचन आयोगले अझै अद्यावधिक गरेको छैन।

राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ (३) अनुसार एक महिनाभित्र विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था भए पनि संशोधित विधानअनुसार प्रक्रिया पूरा भए-नभएको अध्ययन जारी रहेकाले समय लागेको आयोगका पदाधिकारी बताउँछन्।

आयोगको ढिलाइलाई आधिकारिकता विवादसँग जोडेर हेरिएको छ । विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको कार्यसमितिलाई आयोगले गत माघ २ गते मान्यता दिएपछि देउवा र तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का सर्वोच्च अदालत पुगेका थिए।

सर्वोच्चले वैशाख ४ गते रिट खारेज गरेपछि देउवाले साउन ६ र खड्काले साउन १२ गते पुनरावलोकन निवेदन दिएका थिए। साउन २१ गते सर्वोच्चले पुनरावलोकनको निस्सा दिएपछि विवाद पुनः अदालतमा विचाराधीन छ।

यसबीच, देउवा पक्षले मंसिर २१-२३ को महाधिवेशन कार्यतालिका निर्वाचन आयोगमा अभिलेख गराइसकेको छ। सर्वोच्च अदालतबाट आधिकारिकता नपाएमा वा स्थानीय निर्वाचनअघि मुद्दा नटुंगिएमा नयाँ पार्टी दर्ता गरेर चुनावमा जाने विकल्पमा देउवा पक्ष पुगेको छ।

'हामी महाधिवेशन गरेर निर्वाचन आयोगमा विवरण पेस गर्छौं,' देउवा पक्षीय नेताले भने, 'सर्वोच्च अदालतबाट मुद्दा टुंगिएन भने स्थानीय निर्वाचनका लागि दल दर्ता गर्दा नयाँ पार्टी बन्छ। सर्वोच्चको फैसला आए पनि नआए पनि कांग्रेस दुई हुने अवस्था बनिसकेको छ।'



- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका